# "मानव अधिकारकर्मीहरुको सुरक्षा र संरक्षण गर्ने सम्बन्धी आदेश २०७७"

नेपाल सरकार

गृह मन्त्रालय

कानून महाशाखा

(मानव अधिकार प्रवर्द्धन शाखा)

महेश्वर न्यौपाने

सचिव

# मानव अधिकारकर्मीको सुरक्षा र संरक्षण सम्बन्धि आदेश, २०७७

नेपाल सरकार, गृह मन्त्रालय
(मा.मन्त्रिस्तर) बाट स्वीकृत मितिः

**प्रस्तावनाः** मानव अधिकारकर्मीहरुले मानव अधिकार संरक्षणको कार्य गर्दा भोग्नु पर्ने जोखिमको अन्त्य गर्न, मानव अधिकार हननको बिषयमा कुनै सूचना वा समाचार संकलन गर्दा हुन सक्ने आक्रमण तथा हत्या सम्बन्धमा तुरुन्त कानुनी कारवाही चलाई त्यस्ता अपराधमा संलग्नलाई कानुन बमोजिमको कारवाही गर्न र पीडित मानव अधिकारकर्मी वा निजका परिवारका सदस्यलाई राहत तथा क्षतिपूर्ति उपलब्ध गराउन तथा मानव अधिकारकर्मीहरु उपर आउन सक्ने धम्की वा शारीरिक, मानसिक वा आर्थिक क्षतिलाई रोक्न संयुक्त राष्ट्रसंघीय महासभा द्वारा सन् १९९८ मा पारित मानव अधिकार रक्षकहरुको घोषणा पत्र लगायतका अन्तर्राष्ट्रिय महासन्धि अनुरुप मानव अधिकारकर्मीहरुको सुरक्षा र संरक्षण गर्न नेपाल सरकार (कार्य विभाजन) नियमावली २०७४ बमोजिम नेपाल सरकार, गृह मन्त्रालय (मा.मन्त्रिस्तर) बाट यो आदेश बनाई लागू गरिएको छ ।

DRAFT

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः (१) यो आदेशको नाम " मानव अधिकारकर्मीको सुरक्षा र संरक्षण सम्बन्धि आदेश २०७७ " रहेको छ ।

२. यो आदेश मा. गृहमन्त्रीबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

३. हरेक मानव अधिकारकर्मीलाई निजको कार्य सम्पादनका क्रममा देहाय बमोजिमका सुरक्षा र संरक्षण प्रत्याभूत गरिएकोले सो को पालना गर्नु हरेक पदाधिकारी एवं सुरक्षाकर्मीहरुको कर्तव्य हुनेछ ।

३.१ मानव अधिकारकर्मीले ब्यक्तिका नैसर्गिक अधिकारको संरक्षण वा पुनर्बहालीको लागि कुनै ब्यक्ति, राज्यका कुनै पदाधिकारी वा निकाय वा कुनै अंगका बिरुद्ध बिना हातहतियार, शान्तिपूर्ण र कुनै कानुनले अपराध मानेको बाहेकका कार्य गरेकोमा त्यस्ता मानव अधिकारकर्मीलाई उक्त कार्य गर्न निषेध गर्ने, धरपकड गर्ने वा मुद्धा चलाउने कार्य गरिने छैन।

३.२ मानव अधिकारकर्मीलाई कुनै ब्यक्तिको बैयक्तिक स्वतन्त्रताको अपहरण गरेको बिषयमा परेको उजुरी वा प्राप्त सूचनाको आधारमा त्यस्ता पदाधिकारी वा निकाय वा अंगसँग जानकारी माग्ने हक हुनेछ । त्यस्ता बिषयमा जानकारी दिनु राज्यका त्यस्ता पदाधिकारी वा निकाय वा अंगको दायित्व हुनेछ।

३.३ ब्यक्तिको बैयक्तिक स्वतन्त्रताको अपहरण गरेको बिषयमा राज्यका पदाधिकारी वा निकाय वा अंगले त्यस्तो सूचना नदिएमा मानव अधिकारकर्मीलाई राष्ट्रिय सूचना आयोगमा उजुरी दिने हक हुनेछ।

३.४ त्यसरी सूचना माग गरे वा उजुरी दिए उपर मानव अधिकारकर्मीलाई थुनछेक, धरपकड वा कुनै फौजदारी मुद्धा चलाइने छैन।

३.५ मानव अधिकारकर्मीले मानव अधिकार हननको बिषयमा कुनै सूचना वा समाचार संकलन गर्दा हुन सक्ने आक्रमण वा हत्या जस्ता अपराधहरुमा पर्न सक्ने शारीरिक, मानसिक वा आर्थिक क्षतिलाई रोक्न राज्यका सुरक्षा निकायबाट बिशेष सतर्कता अपनाइनेछ।

३.६ मानव अधिकारकर्मी माथि उल्लिखित क्षति पुर्याउने ब्यक्ति वा पदाधिकारीका बिरुद्ध प्रचलित कानून बमोजिम कानूनी कारवाही चलाइनेछ ।

३.७ कुनै किसिमका आन्दोलन वा बिरोध प्रदर्शनका समयमा मानव अधिकार हननको बिषयमा सूचना प्रवाह गर्न खटिएका मानव अधिकारकर्मीको बिशेष सुरक्षाको प्रबन्ध र संरक्षण राज्य पक्षबाट गरिनेछ।

३.८ महिला र फरक क्षमता भएका मानव अधिकारकर्मीको सुरक्षा र संरक्षणको बिशेष प्रबन्ध गरिनेछ।

३.९ हरेक मानव अधिकारकर्मीलाई नेपाली नागरिकलाई नेपालको संबिधानले प्रत्याभूत गरेका बिचार र अभिव्यक्तिको स्वतन्त्रता, भेला हुने, सभा सम्मेलन गर्ने, नेपालको जुनसुकै भागमा आवतजावत गर्ने लगायतका मौलिक हकको निर्वाध उपभोग गर्ने पूर्ण हक हुनेछ । मौलिक हक उल्लंघन गरिएमा सोको प्रचलनका लागि असाधारण अधिकार क्षेत्र अन्तर्गत अदालतमा निवेदन दायर गर्ने हक हुनेछ ।

३.१० संविधान र प्रचलित कानून बमोजिम प्रत्याभूत गरिएका हकको प्रतिकूल कार्य गर्ने पदाधिकारीलाई बिभागिय कारवाही गरि प्रचलित कानून बमोजिमको कारवाही समेत गरिनेछ।

३.११ नेपाल प्रहरीले आफ्नो कार्यक्षेत्र भित्र मानव अधिकारकर्मी र सो संग सम्बन्धित संघ संस्थाहरुको विवरण अनिवार्य रुपमा अद्यावधिक गर्नु पर्नेछ ।

DRAFT

३.१२ मानव अधिकारकर्मी माथि कुनै प्रकारको जीउ, ज्यान माथि खतरा हुने गरी डर, धाक, धम्की आएमा यसको मौखिक वा लिखित रुपमा नजिकैको प्रहरी कार्यालयमा सूचना दिन सकिनेछ । त्यस्तो उजुरीलाई प्रहरीले उच्च प्राथमिकतामा राखि अनुसन्धान गरी कानुनी कारवाही चलाउनुपर्नेछ ।

३.१३ मानव अधिकारकर्मीले कुनैपनि प्रहरी कार्यालयको थुनुवा कक्षको अवलोकनको लागि लिखित माग गरेमा बिना रोकटोक थुनुवा कक्षको अवलोकन गर्ने लगायत मानव अधिकारको अनुगमन गर्ने व्यवस्था मिलाउने दायित्व प्रहरीको हुनेछ ।

३.१४ कुनै नारा, जुलुस, विरोध सभा जस्ता कार्यक्रमहरुमा अनुगमनका लागि लोगो र पोशाक लगाएका मानव अधिकारकर्मीको सुरक्षाको प्रत्याभूती राज्यले गर्नेछ ।

३.१५ मानवअधिकारकर्मीलाई सूचनाको हक हुनेछ । सूचनाको हक अन्तर्गत सार्वजनिक निकायसँग सूचना माग गर्दा सूचना नदिएमा, दिन इन्कार गरेमा, आंशिक वा गलत सूचना दिएमा वा सूचना नष्ट गरी दिएमा सरोकारवालाको कुनै हानी नोक्सानी हुन गएमा कानून बमोजिम क्षतिपूर्तीको व्यवस्था गरिनेछ ।

४. यस आदेशमा लेखिएका कुराहरु मध्ये प्रचलित कानूनमा लेखिएको कुराका हकमा सोही कानून बमोजिम र प्रचलित कानूनमा नलेखिएको कुराहरुका हकमा यसै आदेश बमोजिम हुनेछ ।

DRAFT